# विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनको प्रभावकारिता

भूपेन्द्र बहादुर शाही

**सार**


*प्रस्तुत अध्ययन विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनको प्रभावकारिता तयार पारिएको छ । यसको मुख्य उद्देश्य विद्यालयमा प्राप्त हुने वित्तीय अनुदान कार्यान्वयनको प्रभावकारिता विश्लेषण गर्नु रहेको छ । अध्ययन मूलतः मिश्रित ढाँचामा आधारित छ । अध्ययन शीर्षकलाई पूर्णता दिनको लागि आवश्यक पर्ने जनसंख्यालाई उद्देश्यमुलक र सम्भानायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि प्राथमिक र दृवितीय स्रोतहरूलाई तथ्याङ्क संकलनका स्रोतका रूपमा लिइएको छ । तथ्याङ्कका साधनको रूपमा प्रश्नावली, अर्न्तवार्ता, अवलोकन फारामा, छलफललाई प्रयोग गरिएको छ । अध्ययनको क्रममा विद्यालयमा जिल्ला शिक्षा कार्यालय मार्फत स-सर्त अनुदान, एकमुष्ट अनुदन र प्रोत्साहन अनुदान गरी विभिन्न शीर्षकमा वित्तीय अनुदान आउने गरेको पाइयो । अध्ययन क्षेत्रबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यन्वयनमा विद्यालय व्यवस्थापन समिति निस्क्रिय रहनु प्रधानाध्यापकको अपारदर्शिता सुपरीवेक्षण र अनुगमन प्रभावकारी नहुनु, सरोकारवालाको उल्लेख्य सहभागी नहुनु रानजनीतिक भागवण्डाले स्थान लिनु, अनुदान समयमा नै निकासा नहुनु, प्रयाप्त रकम प्रदान नगरिनु, लामो समयसम्म एउटै व्यक्ति प्रधानाध्यापक भैरहनु जस्ता समस्याहरू रहेका पाइयो । अध्ययन क्षेत्रमा देखिएका समस्या समाधन गरी अनुदान, कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकको कार्यविधि निश्चित गरिनु पर्ने प्रधानाध्यापक नियुक्तिमा स्पष्ट व्यवस्था गरिनु पर्ने अनुदान वितरणमा पारदर्शिता अपनाइनु पर्ने समयमा नै निकासा दिने व्यवस्था गरिनु पर्ने, राजनीतिक हस्तक्षेपको अन्त्य गरिनु पर्ने, व्यवस्थापकीय सिप लिएको प्रधानाध्यापक हुनुपर्ने प्रधानाध्यापकमा संस्थागत स्वार्थ जोडिइएको हुनुपर्ने जस्ता उपायहरू अबलम्बन गर्नुपर्ने देखिन्छ ।*

**प्रमुख शब्दहरू** : वित्तिय अनुदान, पारदर्शिता, पेवा, ढुकुटी ।

## अध्ययनको पृष्ठभूमि

शिक्षाशास्त्र र वित्तशास्त्र फरक-फरक विधा भए पनि शिक्षा विकासमा वित्तशास्त्र र वित्तीय विकासमा शिक्षाको भूमिका रहेको हुन्छ । शिक्षाको विकास र विस्तारले मात्र राष्ट्रिय श्रोतसाधनको समुचित सदुपयोग भई सबल राष्ट्र निर्माणमा टेवा पुग्दछ । राष्ट्र सवल, सफल र समुन्नत हुनमा वित्तीय स्रोतकै भूमिका रहन्छ । राष्ट्रमा भएका स्रोत साधनलाई प्रयोगमा ल्याउन आवश्यक दक्ष जनशक्ति उत्पादन र परिचालन गर्नु पर्दछ, जसको लागि शिक्षामा वित्तीय लगानी एक प्रमुख पक्ष रहेको हुन्छ ।

शिक्षामा आवश्यक आम्दानीका स्रोतहरू जुटाउने एक विधि र शिक्षामा गरिने लगानीको एक प्रक्रियाको रुपमा School financing लाई लिइन्छ । विद्यालयमा भएका स्रोत तथा आम्दानीको उचित र प्रभावकारी रुपले खर्चको बाँडफाँड समेटिएको शास्त्र school financing हो । कस्तो शिक्षा प्रदान गर्ने ? शिक्षामा कति लगानी गर्ने ? शिक्षामा कस्तो प्रभाव पर्दछ ? वित्तशास्त्र र शिक्षा बीच कस्तो सम्बन्ध छ ? जस्ता प्रश्नको उत्तर समेटिएको एक शास्त्र school financing हो । शिक्षा र वित्तबीचको सम्बन्धलाई हेर्दा विद्यालय वित्त भन्नाले निम्न रुपमा बुझ्न सकिन्छ :





वास्तवमा विभिन्न क्षेत्र र स्रोत साधनबाट प्राप्त वित्त विद्यालय वा शिक्षा विकासका लागि मानिने भए पनि school financing के का लागि भन्ने प्रश्न उठ्नु स्वभाविक थियो र अहिले पनि


स्वभाविक छ । जसमा विद्यालय वित्तको महत्व वा उद्देश्यलाई निम्न कार्यको रुपमा लिने गरेको पाइन्छ :

a. To develop education
b. To provide quality education
c. To minimize discrimination
d. To provide equality and equality in education
e. To provide social justice in education
f. To establish proper financial management
g. To improve the performance of the education system
h. To achieve educational objectives
i. To maintain a reliable system of internal control

विद्यालयमा शिक्षा विकासका लागि विभिन्न क्षेत्र र स्रोतबाट विभिन्न अनुदानहरू प्राप्त हुन्छन् । प्राप्त भएको अनुदानलाई व्यवस्थित गर्नु र त्यसको कार्यान्वयन पक्षलाई सबल तुल्याउन शिक्षा विकासमा टेवा पुऱ्याउनु हो । विद्यालयमा प्राप्त वित्तीय अनुदान अन्तरगत रहेर मुख्य गरी विद्यालयका जिम्मेवारी पक्षले निम्न कार्यमा जोड दिने गर्दछन् । साथै विद्यालयको वित्तीय व्यवस्था प्रभावकारी बनाउनको लागि त्यससँग सम्बन्धित निम्न कार्यमा जोड दिनुपर्दछ :




शिक्षाको विकासका लागि विभिन्न क्षेत्र र निकायबाट लगानी हुने गर्दछ । यस क्रममा विद्यालयमा विभिन्न आर्थिक स्रोत संकलन हुने गर्दछ । साथै जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा रकम प्राप्त हुने गर्दछ । जसलाई विद्यालयमा प्राप्त वित्तीय स्रोत र त्यसको व्यवस्थापलाई वित्तीय व्यवस्थापन भन्ने गरिन्छ । विद्यालयमा विभिन्न स्रोतबाट रकम प्राप्त हुन्छन् जसलाई तल उल्लेखित गरिन्छ :




माथि उल्लेखित विभिन्न स्रोतहरूबाट विद्यालयमा प्राप्त अनुदानलाई व्यवस्थित गरी शिक्षाको विकास गर्न सक्नुपर्दछ । शिक्षाको विकासलाई प्राचीन काल देखि नै लगानी गर्ने परम्परा रहि आएको छ । प्राचीनकालमा शिक्षा व्यवस्थित नहुँदा सरकारी लगानीको प्रचलन नभएर व्यक्ति तथा समुदायबाट मात्र लगानी हुने गर्थ्यो । मल्लकालमा समुदायबाट गोठी प्रणाली र बाँझो जग्गा उपयोग गरी शिक्षामा लगानी गरिन्थ्यो । शाहकालमा पनि शिक्षामा राष्ट्रिय लगानी नभए पनि पृथ्वीनारायण शाहले वैयाकरण केशरी लगायतका व्यक्तिलाई छात्रवृत्ति दिएर भारतमा पढ्न पठाएका थिए । राणाशासनकालमा औपचारीक शिक्षाको थालनी भए सँगै शिक्षामा राणाहरूले लगानी गरे पनि त्यस्तो लगानी व्यक्तिगत लगानी जस्तो थियो ।

वि.स.२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षामा राज्य र जनता दुइवटै पक्षको लगानी बढदै गयो । रा.शि.प.यो. २०२८ लागु भए पछि सरकार र समुदायको सयुक्त लगानी गर्ने परीपाटीको प्रारम्भ भयो । त्यसपछि मात्र विद्यालयलाई शिक्षक तलबका अतिरिक्त शैक्षिक कार्यक्रम कार्यन्वयनका लागि विद्यालयलाई अनुदान दिने प्रचलनको शुरुवात भयो । सन् २००० को शिक्षा सम्बन्धी डकार विश्व शिखर सम्मेलनले सबैका लागि शिक्षा (Education For All) भन्ने नारा प्रतिपादन गरी सन् २०१५ सम्म सबैलाई शिक्षा प्रदान गरी सक्ने डकार कार्यढाँचा बनाए पछि सबैलाई शिक्षा प्रदान गर्न विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, प्रतिविद्यार्थी लागत अनुदान, विद्यालय सुधार

अनुदान, परीक्षा सञ्चालन अनुदान, लेखापरीक्षण अनुदान, विद्यार्थी अनुदान, दिवा खाजा कार्यक्रम, राहत शिक्षक अनुदान, विद्यालय व्यवस्थापन अुनदान, शैक्षिक सामग्री खरिद, मसलन्द, प्रोत्साहन, प्रशासनिक खर्च अनुदान जस्ता अनुदानहरू विद्यालयमा प्रदान गर्ने कार्य भैरहेको छ ।

**समस्याको कथन**

विद्यालयमा विभिन्न शर्षिकमा अनुदानहरू आउने गरेका छन् । सरकारी र निजी क्षेत्रबाट लगानीको आधारमा शिक्षामा सबैको पहुँच वृद्धि गर्ने, शैक्षिक क्षति न्यूनीकरण गर्ने, शैक्षिक गुणस्तरलाई कायम गर्ने शिक्षामा हुने भ्रष्टाचारलाई अन्त्य गर्ने, शिक्षाप्रति सरोकारवालाको ध्यान केन्द्रित गर्ने जस्ता पहल कदमी भैरहेका छन् । राष्ट्रिय अन्तराष्ट्रिय स्तरबाट शिक्षामा लगानी वृद्धि गर्ने कार्य भैरहेका छन् । तर अध्ययन क्षेत्रमा विद्यालयमा प्रदान गरिएको अनुदानले सार्थकता पाए जस्तो परिणामले झल्काउदैन । गरिएको लगानीको आधारमा प्रतिफल हात पार्न सकिएको जस्तो छैन । विद्यालयमा प्राप्त अनुदान कार्यन्वयन, त्यसको व्यवस्थापन र प्रभावकारीतामा सबै पक्षबाट प्रतिबद्धता आए पनि व्यवहारिक पक्ष सबल भए जस्तो देखिदैन । लगानीको प्रतिफल कागजमा सीमित राखी त्यसको वास्तविकता खोजी गरी कमिकमजोरी र समस्याहरूलाई पहिचान गरी उपयुक्त निकास खोजीको प्रयास भए जस्तो छैन ।

विद्यालयमा प्राप्त वित्तीय अनुदानलाई सही तरिकाले वितरण, सदुपयोग गर्न नसके अन्य भौतिक तथा मानवीय स्रोतलाई सहिरूपमा परिचालन गर्न नसकिने हुदा यस्तो प्रवृत्ति किन भैरहेको होला ? अनुदान ले सार्थकता किन पाउन सकिरहेको छैन होला ? व्यवस्थापन र कार्यन्वयमा को जिम्मेवार छन् ? कस्ता उपाय अबलम्बन गर्नुपर्ला भन्ने जस्ता अनुत्तरीत प्रश्नको सोधखोज गर्न विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनको प्रभावकारिता शीर्षकलाई समस्याको रुपमा छनोट गरी व्याख्या गरिएको छ ।

**अध्ययनको महत्त्व**

कुनै पनि अध्ययन अनुसन्धानमा प्राप्त जानकारी तथा तथ्याङ्कको विश्लेषण गर्दा सम्बन्धित शीर्षकसँग सम्बन्धित भएर निष्कर्ष निकालिन्छ । कारण तथा समस्याहरू पत्ता लगाई आवश्यक सुझावहरू प्रस्तुतीकरण गरिन्छ । जुन प्राप्ति र सुझाव सम्बन्धित क्षेत्रसँग सरोकार राख्ने विभिन्न पक्ष तथा निकायका लागि महत्त्वपूर्ण आधार बन्न सक्दछ । यस अध्ययनमा पनि अध्ययनबाट प्राप्त विवरणका आधारमा यससँग सम्बन्धित शिक्षा नीति निमार्ण गर्ने नीति निर्माता, शैक्षिक योजनाकार, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्तिलाई आवश्यक रणनीति निर्माण गर्न आवश्यक दण्ड र पुरस्कारको व्यवस्था गर्न थप रणनीति र कार्यनीति निर्माण गर्न, भावी योजना निर्माण गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्न, नियन्त्रण र समन्वय गर्ने जस्ता पक्षमा सहयोग पुऱ्याउनेछ । साथै आगामी दिनमा यसै शीर्षकमा थप सोधखोज गर्ने सोधार्थी लाई आवश्यक सहयोग पुऱ्याउनेछ ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनका उद्देश्यहरू निम्न छन् :

क. विद्यालयमा प्राप्त हुने वित्तीय अनुदानहरू पहिचान गर्नु,

ख. विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनमा देखिएका समस्याहरू पत्ता लगाउनु,

ग. विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनलाई प्रभावकारी बनाउने उपयाहरू प्रस्तुत गर्नु ।

**अध्ययनको परिसीमा**

अध्ययनको लागि निश्चित क्षेत्र, साधन स्रोत, समय र जनसंख्याको आवश्यक पर्दछ । प्रस्तुत अध्ययनलाई नेपाल अधिराज्यभर केन्द्रित गर्न नसकिए पनि दैलेख जिल्लाको चामुण्डा श्रोतकेन्द्र अन्तरगत रहेका २ वटा उच्च मा.वि., २ वटा मा.वि. र १० वटा प्राथमिक विद्यालयमा मात्र सिमित राखिएको छ । विद्यालयमा विभिन्न स्रोतहरूबाट अनुदान प्राप्त हुने भएता पनि अध्ययन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदानमा मात्र सिमित रहेको छ । उक्त क्षेत्रका विद्यालय निरीक्षक, स्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी, सम्बन्धित विद्यालयका वि.व्य.स. पदाधिकारी, शिक्षक, प्रधानाध्यापकलाई जनसंख्याको रुपमा सीमित गरिएको छ । उक्त जनसंख्यालाई उद्देश्यमूलक र सम्भावनायुक्त नमुना छनौट विधिबाट छनौट गरिएको छ । २ वटा उ.मा.वि. छनोट गरिए पनि मा.वि. सम्मको अनुदानलाई मात्र अध्ययन गरिएको छ ।

**अनुसन्धान विधि**

प्रस्तुत अध्ययनमा मूलत मिश्रित अनुसन्धानात्मक ढाँचामा आधारित छ । अध्ययन शीर्षकलाई पूर्णता दिन आवश्यक पर्ने कोरा तथ्याङ्क सङ्कलन गर्नको लागि अध्ययनको जनसंख्याको रुपमा रहेका जनसंख्यालाई सम्भावनायुक्त र उद्देश्यमुलक नमुना छनोटबाट जनसंख्या छनोट गरिएको

छ । अध्ययनलाई पुरा गर्न आवश्यक तथ्याङ्क प्राथमिक र द्वितीय स्रोतबाट लिइएको छ । प्रश्नावली, अर्न्तवार्ता प्रश्नावली, छलफल र अवलोकन फारामलाई तथ्याङ्क संकलनका साधनका रुपमा लिइएको छ ।

**नतिजा विश्लेषण**

छनौटमा परेका जनसंख्यालई मुख्य आधार मानी समस्याको रुपमा लिइएको शीर्षकलाई पूर्णता प्रदान गर्न विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी अध्ययनकर्ता स्वयम् सम्म अध्ययन क्षेत्रमा पुगेर, टेलिफोन, फ्याक्स मार्फत र सहयोगी साथीलाई अध्ययन क्षेत्रमा खटाएर विभिन्न जानकारीहरू संकलन गरिएको थियो । जसलाई उद्देश्य बमोजिम विश्लेषण गरिएको छ ।

**विद्यालयमा प्राप्त हुने वित्तीय अनुदानहरू**

छनोटमा परेका अध्ययन क्षेत्रका विद्यालयहरूमा के कस्ता वित्तीय अनुदानहरू आउने गरेका छन् ? भनि अध्ययनको जनसंख्यासँग अध्ययनका विभिन्न साधन र श्रोतहरू प्रयोग गरी त्यस्ता अनुदानहरूको पहिचान गरिएको छ ।

१. एकमुष्ट अनुदान

शिक्षाको विकासको लागि नेपाल सरकारले विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा जिल्ला शिक्षा कार्यालय मार्फत एकमुष्ट अनुदान प्रत्येक विद्यालयमा दिने गरेको छ। यस्तो अनुदान अन्तरगत शिक्षक दरबन्दी नभएका प्रस्तावित प्रा.वि. नि.मा.वि. र मा.वि. मा विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी लागत अनुदान, विद्यालयको लेखापरीक्षण बापत रु.१०००, कक्षा १-१० सम्म अध्ययन गर्ने विद्यार्थीका लागि पाठ्यपुस्तक खरिद गर्न पाठ्यपुस्तक बापत अनुदान, छात्रवृत्ति अनुदान, शैक्षिक सामग्री बापत अनुदान र कार्यक्रम व्यवस्थापन अनुदान दिने गरिएको पाइयो ।

२. प्रोत्साहन अनुदान

विद्यालयलाई थप हौसला र प्रेरणा प्रदान गर्न विद्यालय स्तरीकरण बापत कक्षा ८ को परीक्षा सञ्चालन गर्न र S.L.C. मा राम्रो नतिजा ल्याउने विद्यालयलाई नेपाल सरकारले प्रोत्साहन अनुदान दिने गरेको र त्यस्ता अनुदान १ ओटा मा.वि. २ ओटा नि.मा.वि. ले पाएको देखियो ।

३. स-सर्त अनुदान

नेपाल सरकारले जिल्ला शिक्षा कार्यालय मार्फत प्रत्येक विद्यालयलाई यस्तो अनुदान दिने गरेको पाइयो। विद्यालयमा दिइने अन्य अनुदान भन्दा यो अनुदानको प्रकृति फरक रहेको छ । यस अनुदान अन्तरगत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको लागि तलब भत्ता बापत चौमासिक रुपमा अनुदान प्रदान गर्ने व्यवस्था रहेको पाइयो। विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तरगत विद्यालयमा भवन र शौचालय निर्माण गर्न अनुदान दिने गरेको पाइयो ।

**विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनमा देखिएका समस्याहरू**

विभिन्न शीर्षकमा जि.शि.का. मार्फत विद्यालयहरूलाई प्राप्त हुने अनुदान कार्यान्वयनको प्रक्रिया कस्तो छ ? कार्यान्वयन प्रभावकारी हुनमा के-कस्ता समस्याहरू रहेका छन् ? कस्ता तत्वले प्रभाव पारे ? भन्ने जस्ता प्रश्नहरू अध्ययन क्षेत्रका नमुना छनोटमा परेका जनसंख्यालई सोधी तथ्याङ्क सङ्कलन गरिएको थियो । विभिन्न उत्तरदाताबाट विभिन्न समस्याहरू व्यक्त गरिएका थिए । कतिपय समस्याहरू स्थलगत अवलोकनबाट प्राप्त भएका थिए । त्यस्ता समस्यालई निम्न उपशीर्षकमा राखी विश्लेषण गरिएको छ :

१. प्रधानाध्यापकको अपारदर्शिता

विद्यालयमा प्राप्त अनुदान कार्यान्वयनमा प्र.अ.को मुख्य भूमिका रहने र प्राप्त शीर्षक बमोजिम प्र.अ.ले खर्च नगरी मनोमानी रुपमा खर्च गर्ने गरेका र कतिपय रकम आय व्यय पुस्तिकामा नदेखाई वार्षिक रुपमा लेखापरीक्षण गर्ने गरेको पाइयो। प्राप्त अनुदानको निकासा पत्रलाई दर्ता गरी आम अभिभावक र वि.व्य.स. को निर्णयद्वारा खर्च गरी अनुमोदन गर्ने प्रावधान रहे पनि प्र.अ. हरूले शिक्षा नीति र नियमावली बमोजिम पारदर्शी भई शीर्षक बमोजिम योजनाबद्ध रुपमा खर्च गर्नुपर्ने देखिन्छ। साथै लेखा विधि र प्रणाली अपनाई वित्तीय व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२. विद्यालय व्यवस्थापन समितिको निस्क्रियता

विद्यालयलाई व्यवस्थित रुपले सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति सक्रिय भई हरेक पक्षमा सहभागी हुनुपर्नेमा सक्रियता नदेखाई विद्यालयको सबै कार्य जिम्मेवारी प्र.अ. को मात्र हो भन्ने रहेको पाइयो । वि.व्य.स. अध्यक्षले खाली चेकमा दस्तखत गर्न सीमित रहेको, आवश्यक अनुभव र तालिम नहुँदा जिम्मेवारी बोध नभएको पाइयो यस्ता कारणले विद्यालयममा प्राप्त अनुदान सम्बन्धित शीर्षकमा खर्च नहुने समस्या रहेको पाइयो । तालिम, अनुगमन र क्षमता भए पनि कतिपय वि.व्य.स.अध्यक्षहरू विद्यालयभन्दा व्यक्तिगत कामलाई महत्व दिने गरेको पाइयो। वि.व्य.स. विद्यालयको जिम्मेवार पक्ष भएकोले सक्रिय भई लाग्नु पर्ने देखिन्छ। साथै आफ्नो

भूमिकालाई सशक्त बनाई वित्तीय व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ ।

३. सुपरीवेक्षण र अनुगमन

विद्यालयलाई प्रभावकारी रुपले सञ्चालन गर्न सम्बन्धित निकायले सुपरीवेक्षण र अनुगमन गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयले विद्यालयमा दिइएको अनुदान सही रुपमा प्रयोग भए नभएको, निष्पक्ष रुपमा लेखापरीक्षण भए नभएको र तोकिएको शीर्षकमा खर्चको व्यवस्था भए नभएको अनुगमन हुने गरेको पाइएन । विद्यालयका प्र.अ. हरूले राजनीतिक आस्थाका आधारमा लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण गराउने गरेका र सामाजिक लेखापरीक्षण काल्पनिक रुपमा गर्ने गरेको पाइयो । जसले अनुदान कार्यान्वयन प्रभावकारी र व्यवस्थित देखिएन । अनुदान व्यवस्थित बनाउन विद्यालयको सामाजिक लेखापरिक्षण जि.शि.का. को प्रतिनिधिको रोहोबरमा गरिनु पर्ने, लेखापरीक्षक विद्यालयको सिफारिस विना गरिनुपर्ने, लेखापरीक्षण र प्रतिवेदन जि.शि.का. ले अध्ययन गरी सुधारात्मक कदम चाल्नु पर्ने देखिन्छ ।

४. अनुदान निकासा र जानकारी व्यवस्था

विद्यालयमा प्राप्त हुने अनुदान जि.शि.का. बाट समयमा नै निकासा हुने र कुन शीर्षकमा कहिले निकासा भयो भनी विद्यालयलाई निकासा पत्र पठाउने गरेको पाइएन । विद्यालयमा हेर्दा कुन शीर्षकमा कति रकम प्राप्त भएको हो भन्ने निकासा पत्र नै नभएको र श्रोतव्यक्तिले प्र.अ. लाई प्र.अ. बैठकमा रकम आएको शीर्षक र रकममात्र टिपोट गराउने प्रचलन देखिएकोले अनुदान कार्यान्वयमा समस्या रहेको पाइयो । जिल्ला शिक्षा कार्यालयले आफनो web site बनाउनु पर्ने वा समस्या नै निकासा दिई F.M. रेडियो बाट प्रसारण गरिनु पर्ने वा निकासापत्र विद्यालयलाई दिनुपर्ने देखिन्छ । साथै विद्यालयलाई दिइने अनुदानको वार्षिक क्यालेन्डर जारी गर्नुपर्ने देखिन्छ ।

५. सरोकारवालाको सहभागिता

विद्यालयको अनुदान कार्यान्वयनमा अभिभावक PTA, शिक्षक, विद्यार्थी, सबैका सहभागिता गराउन विद्यालयले पत्र मार्फत वा सार्वजनिक सूचना मार्फत जानकारी गराए पनि अभिभावकहरूले चासो नदिने गरेको पाइयो । विद्यालय शिक्षकहरूको हो सबै कार्य जिम्मेवारी बहन निजले गर्नु पर्दछ भन्ने अभिभावकको बुझाइ रहेकोले प्र.अ.ले मनोमानी रुपमा खर्च गर्ने गरेको पाइयो । सरोकारवालाले प्रत्येक शीर्षक बमोजिमको बैंक इस्टेटमेन्ट र कार्यालयको निकासा पत्र अनुसार तोकिएको शीर्षकमा खर्च गर्नमा जोड दिनुपर्ने देखिन्छ । साथै अभिभावकले अपनत्वको भावनाका साथ विद्यालयका हरेक गतिविधिमा सहभागी हुनुपर्ने देखिन्छ ।

६. शिक्षक नियुक्ति गर्ने परिपाटी

विद्यालयमा शिक्षक दरबन्दी हुँदाहुँदै पनि राजनीति भागबण्डाका आधारमा निजी श्रोतमा शिक्षक नियुक्ति गरी विद्यालयमा प्राप्त छात्रवृत्ति, शैक्षिक सामग्री खरिद र Non-Salary जस्ता रकम तलबमा खर्च गर्ने प्रचलन रहेको पाइयो । तोकिएको शीर्षकमा खर्च गर्नु पर्दछ भनिए पनि राजनीतिक सहभागीतबाट वा राजनीतीक हस्तक्षेपबाट यस्ता कार्य गर्ने गरिएको पाइयो । राजनीति हस्तक्षेप र सहमति खोज्नुको कारण दलीय भागबण्डालाई प्रमुखताका साथ हेर्ने गरेको पाइयो ।

७. अप्रयाप्त अनुदान

विद्यालयमा भर्ना भएका दलित विद्यार्थी र छात्रालाई दिईने छात्रवृत्ति कोठा सबैलाई पुग्ने गरी नदिएको पाइयो । विद्यालय तथ्याङ्क विवरण, फाराम र विद्यालयमा भर्ना विद्यार्थी संख्या फरक हुनाले प्रयाप्त अनुदान नआउदा छात्रवृत्ति वितरण, पाठ्यपुस्तक खरीदमा समस्या देखिएको पाइयो । कतिपय विद्यालयहरू पाठ्यपुस्तक विना नै कक्षा सञ्चालन गर्ने प्रावधान रहेको पाइयो । यसो हुनुमा शैक्षिक तथ्याङ्क काल्पनिक हुनु र अध्यावधिक नगरिनु देखियो ।

८. एउटै व्यक्ति प्र.अ. भैरहने प्रवृत्ति

विद्यालयमा प्रधानाध्यापक परिवर्तन गर्ने व्यवस्था नहुनु र प्र.अ. नियुक्ति पाए देखि नोकरी अवधीभर प्र.अ.को भूमिका निर्वाह गरिरहने परम्परा हुँदा प्र.अ. ले तानाशाही प्रवृतिबाट विद्यालयको अुनदान सही रुपले कार्यान्वयन गर्न गरेको पाइएन । त्यस्ता प्र.अ. ले राणाकालीन जिमुवाल मुखियाको शैलीबाट आर्थिक चलखेल गर्ने आफ्नो बारेमा विरोध गर्नेलाई रक्सी, मासु जस्ता पदार्थमा खर्च गरी आफनो पक्षमा वकालत गर्ने गरेको देखिन्छ । यसो गर्नुमा अभिभावकमा सामुहिक स्वार्थ हुनु, नाता र भाइभाराको बन्धनमा रहनु तथा खुलेर विरोध गर्न नसक्नु मुख्य कारण रहेको देखियो ।

**विद्यालयमा प्राप्त वित्तीय अनुदान कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू**

विभिन्न शीर्षकमा विद्यलायमा प्राप्त हुने अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन कसरी बनाउन सकिन्छ ? लगानी

मुताविक परिणाम प्राप्त गर्न लगानीलाई सार्थक कसरी बनाउन सकिन्छ ? सार्थक र प्रभावकारी बनाउन कस्ता उपयाहरू चाल्नु पर्ला भनी छनोटमा परेका जनसंख्यालाई प्रश्न गरिएको थियो । छलफल र अर्न्तक्रियाबाट पनि जानकारी प्राप्त भएको थियो । तथ्याङ्क सङ्कलनको क्रममा लगानी वा अनुदान प्रभावकारी बनाउन प्र.अ. व्यवस्थापन र अभिभावकको सक्रियता तथा दण्ड र पुरस्कारको व्यवस्थामा जोड दिनु पर्ने साझा धारण रहेको पाइयो । जसमध्ये मुख्य उपायहरूलाई निम्न उपशीर्षकमा राखी विश्लेषण गरिएको छ :

१. प्रधानाध्यापकको कार्य अवधी निश्चित गरिनुपर्नेः एउटै व्यक्ति एउटै विद्यालयमा लामो समयसम्म मुख्य भूमिकामा रहि रहदा आफूलाई सर्वेसर्वा ठानी निरङ्कुश शैलीबाट भूमिका निर्वाह गर्ने हुँदा एउटै व्यक्तिलाई लामो समयसम्म प्र.अ. नबनाई बढीमा ५ वर्ष को अवधी निर्धारण गरी सबै शिक्षकले प्र.अ. को भूमिका निर्वाह गर्नु पाउने व्यवस्था गरिनु पर्दछ । शिक्षा ऐन नियमावलीमा निश्चित योग्यता पुगेका प्र.अ. बनाउने प्रावधान भए पनि त्यसमा कार्यकालको अवधि निर्धारण गरिनु पर्दछ । अन्य क्षेत्रमा झैं प्र.अ. लाई पनि अन्तर विद्यालय सरुवा गर्ने प्रावधान पनि गरिनु पर्दछ ।

२. प्रधानाध्यापक नियुक्तिमा स्पस्टताः हरेक विद्यालयमा आवश्यक योग्यता, अनुवभ तथा व्यवस्थापकीय सिप भएका व्यक्तिलाई प्र.अ. को जिम्मेवारी दिने व्यवस्था गरिनु पर्दछ । प्रा.वि. तहको दरबन्दीमा कार्यरत भए पनि नि.मा.वि. र मा.वि.को प्र.अ.को जिम्मेवारी दिने प्रचलनले गर्दा आर्थिक पारदर्शिता नहुने गरेकोले समान तह भन्दा माथिल्लो योग्यता पुगेका र व्यवस्थापन सम्बन्धी सीप भएका शिक्षकलाई प्र.अ. को जिम्मेवारी दिने व्यवस्था गरिनु पर्दछ ।

३. राजनीतिक हस्तक्षेपको अन्त्यः विद्यालयलाई स्वच्छ प्रतिस्पर्धा गर्ने सामाजिक निकायको रुपमा सञ्चालन गरिनु पर्दछ । राजनीतिक आस्थाका आधारमा प्र.अ. नियुक्ति गर्ने परम्परा हटाईनु पर्दछ । प्र.अ.ले गर्ने हिनामिना र अपारदर्शी कामलाई ढाकछोप गर्ने प्रवृत्ति, राजनीतिक पुर्वाग्रही र पक्षपोषण नगरी विद्यालयलाई साझा निकायको रुपमा बुझि प्राप्त अनुदानलाई व्यवस्थित रुपले कार्यान्वयन गर्ने राजनीतिक प्रतिबद्धता सबै पक्षबाट जनाइनु पर्दछ ।

४. स्थानीय व्यक्तिलाई प्रधानाध्यापक नियुक्ति गर्ने प्रचलनः विद्यालयमा कार्यरत शिक्षकहरू र प्र.अ. स्थानीय हुनु पर्दछ भन्ने मान्यता हटाइनु पर्दछ । स्थानीय व्यक्तिमा जातीयता, भाइचाराको नाता आदिजस्ता पक्ष जोडिन गई प्र.अ.ले आर्थिक अपारदर्शी काम गरेमा आफ्नो मान्छे हो दशौं गर्नु हुँदैन भनी ढाकछोप गर्ने प्रचलन बढी हुने र गल्ती गरे पनि खुलेर विरोध गर्न नसकिने अवस्था हुने हुँदा स्थानीय व्यक्ति भन्दा बाहिरको व्यक्तिलाई प्र.अ. को जिम्मेवारी दिइने व्यवस्था गरिनु पर्दछ ।

५. समयमा निकासा दिइने व्यवस्थाः जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई प्रदान गर्ने अनुदान निश्चित समयमा निकासा गर्नु पर्दछ । निकासा गर्ने समय निश्चित भएमा तोकिएको समयमा अनुदान प्राप्त भए नभएको जानकारी सबैलाई प्राप्त हुने र प्र.अ.ले अपारदर्शिता काम गर्न नपाउने हुन सक्छ । तोकिएको शीर्षकमा समयमा नै निकासा भए निर्धारित योजना बमोजिमको शीर्षकमा खर्च गर्न सजिलो हुन्छ ।

६. सरोकारवालाको सहभागिताः विद्यालयमा प्राप्त अनुदान कार्यान्वयनलाई प्रभावकारी बनाउन विद्यायलसँग सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता गराइनु पर्दछ । सहभागिताबाट नै कार्यान्वयनमा सहजता आउने र विद्यालयप्रति सबैको सकारात्मक धारणा वृद्धि हुने हुदाँ प्रधानाध्यापकले विद्यालयमा प्राप्त अनुदानको सबैलाई जानकारी दिई कार्यान्वियन के कसरी गर्ने भनी छलफल चलाएमा अरुले शङ्का गर्ने र अपारदर्शिता भएको महसुस नहुने हुँदा सबैको सभागिता गराउनमा जोड दिनु पर्दछ ।

७. अनुदान वितरणमा पारदर्शिताः जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई प्रदान गर्ने विभिन्न अनुदानहरू कुनै पनि पूर्वाग्रह, राजनीतिक भागबण्डा, राजनीतिक हस्तक्षेप र चलखेलबाट गरिनु हुन्न । विद्यालयलाई प्रदान गरिने रकममा भवन र शौचालय निर्माण रकम, None-salary रकम Demand base र Need base मा आधारित भएर निष्पक्ष रुपमा दिइनु पर्दछ । पाठ्यपुस्तक र छात्रवृत्ति मार्फत दिइने रकम विद्यालय तथ्याङ्क विवरण फारामको आधारमा भन्दा विनि तथा श्रोतव्यक्तिको स्थलगत अवलोकन र अनुगमन प्रतिवेदनको आधारमा दिने व्यवस्था गरिनु पर्दछ ।

### निष्कर्ष

विद्यालयलाई गतिशीलता प्रदान गर्ने र शिक्षामा सबैको पहुँच पुर्‍याई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयमा विभिन्न शीर्षकमा अनुदानहरू प्राप्त हुने गर्दछन् । विद्यालयमा अनुदान दिइनु, अनुदान प्राप्त गर्नु, कोर्षमा

रकम जगेडा राख्नु मात्र महत्त्वपूर्ण पक्ष होइन । महत्वपूर्ण पक्ष त त्यसको कार्यान्वयन र व्यवहारिक पक्ष हो । विद्यालय र समग्र पक्षको विकासका लागि प्रदान गरिएको अनुदान साझा सम्पत्तिको रुपमा परिचालन गरिनु पर्दछ । कहिँ कतै प्रधानाध्यापकको पेवा र व्यक्तिगत ढुकुटी जस्तो रहेको विद्यालयको कोषलाई सही तरिकाले सामुहिक हितलाई साक्षि राखी कार्यान्वयन गरिनु पर्दछ । जुन उद्देश्य पुरा गर्नका लागि शिक्षामा अनुदान दिइन्छ, त्यसको प्रक्रिया, उत्पादन र उपलब्धि बिचको तुलना गरी आगामी दिनमा दिइने अनुदान माथि पुर्नविचार गर्न सके शिक्षामा हुने गरेको क्षति र भ्रष्टाचारलाई न्यूनिकरण गर्न सकिन्छ ।
“संस्थाले मलाई केहि दिएन भन्नुको सट्टा संस्थालाई म के दिन सक्छु” भन्ने भावना भएको व्यक्तिले मात्र संस्थाको स्वार्थ र हितमा लाग्ने हुँदा विद्यालयका प्रधानाध्यापक र अन्य सरोकारवाला व्यक्तिमा व्यक्तिगत स्वार्थ भन्दा सामुहिक स्वार्थको भावना विकास गराई विद्यालयमा प्राप्त अनुदानलाई सार्थकतामा परिणत गर्न सकिन्छ । “संस्था रहे म रहन्छु र संस्था बने म बन्दछु” भन्ने सोचाई विद्यालयसँग सरोकार राख्ने सबैमा आउनु पर्दछ । झनै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले विद्यालयको वित्तीय अनुदान कार्यान्वयनमा प्रभावकारिता कायम राख्न महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । ऐन नियममा व्यवस्था भए बमोजिम कार्यान्वय गरिनु पर्दछ । यथार्थता र वास्तविकतामा जोड दिई पुरस्कार र दण्डको उचित व्यवस्था गरिनु पर्दछ ।

***लेखक परिचय***

*श्री भुपेन्द्र बहादुर शाही सुर्खेत क्याम्पस (शिक्षा) का शैक्षिक योजना तथा व्यवस्थापन विषयका शिक्षण सहायक हुनुहुन्छ ।*

**सर्न्दभ सूचि**

आचार्य, सुशन, पौडेल, आनन्द र अन्य (२०६८), *शिक्षाको वित्तशास्त्र,* काठमाडौ : सनलाइट पब्लिकेशन ।

काफ्ले, बासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०६४), *शिक्षाको वित्तशास्त्र,* काठमाडौ : सनलाइट पब्लिकेशन ।

खनाल, मुकुन्दमणी र आचार्य, शुसन (२०६३), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाडौ : मकालु बुक्स प्रकाशन ।

शर्मा, गोपिनाथ (२०६०), *नेपालको शैक्षिक इतिहास भाग २,* काठमाडौः मकालु बुक्स प्रकाशन ।

Adhakari, K. P. (2068), *Finance education*. Kathmandu: Subhakamana Prakashan.

Padmanabar, C.B. (1998), *Educational financing and structural adjustement practices*. India: Common Wealth Publisher.